प्रतिदिन १७ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY






वर्ष-१७ ।। अङ्क : ६८ ॥ २०८१ चैत ३१ गते आईतबार (13th Apr 2025 Sunday) **Pratidin** National Daily मूल्य-रु.५/-


प्रधानमन्त्री ओलीको आक्रोश

# राजावादीलाई मन्त्री बनाउनुभन्दा पशुपतिका बाँदरलाई बनाउँदा राम्रो



झापा(प्रस) । नेकपा एमालेका अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीले राजावादीहरुप्रति तीब्र आक्रोश व्यक्त गरेका छन् ।

राजावादीहरुको विरुद्धमा झापाको दमकमा शनिवार आयोजित पार्टीको जनजागरण सभालाई संबोधन गर्दै ओलीले विभिन्न बहानामा देशलाई अस्थिरतामा लैजाने तमासा गरिरहेको आरोप लगाए । राजनीति भनेको थाहै नपाएका ढुंगा हान्न जानेकाले देश चलाउँछु भनेर उधुम मच्चाएको बताउँदै उनले ड्राइभिङ चलाउन नजानेकोले राम्रोसँग गाडी चलाउँछु भनेर जनतालाई छक्याएको आरोप लगाए । 'दुई-चार मान्छेले राजा फर्काउछौं भन्दा गाडीको हुटमा चढेर हात हल्लाउँदै हिडेको पनि देखियो 'प्रधानमन्त्री ओलीले भने , 'यी कस्ता तत्व हुन् भन्ने कुरा चैत १५ गते काठमाडौंको तीनकुनेमा देखियो । ठुला कुरा गर्नेहरु रक्सी चोर्दै भाग्दै हिडेको,स्याउ चोर्दै हिडेको देखियो ।'

राजावादी आन्दोलनका नाममा अराजक र हिंसात्मक गतिविधि गर्नेहरूलाई प्रधानमन्त्री बनाउनुभन्दा पशुपतिका बाँदरलाई प्रधानमन्त्री बनाउँदा उपयुक्त हुने बताए ।

दमकमा बनाइएको बिजनेस कम्प्लेक्सलाई भ्यु टावर भनेर मान्छेहरुले उडाउने गरेको उनको दुखेसो थियो । नयाँ भन्नेहरुको असली अनुहार देखिएको बताउँदै उनले सहकारी ठग र बैंक ठगहरुको असली अनुहार १५ गते उदांगो भएको दावी गरे ।

दमक -७ पशुहाटस्थित खुल्ला चौरमा एमाले कोशी प्रदेश कमिटीको आयोजनामा कोशी प्रदेश कमिटी अध्यक्ष घनश्याम खतिवडाको अध्यक्षतामा जागरण सभा भएको हो । कार्यक्रममा भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहाल,कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्की, पार्टी केन्द्रीय उपाध्यक्ष गुरु बराल, केन्द्रीय सचिव योगेश भट्टराई, स्थायी कमिटी सदस्यहरु भीम आचार्य, शेरधन राई, पार्टीका नेता तथा कार्यकर्ताहरु लगायतको उपस्थिति रहेको थियो ।

एक लाख जनमास उतार्ने एमालेले दावी गरिरहँदा करिव ३५ हजार जनाको उपस्थिति रहेको प्रहरीले अनुमान गरेको छ ।

# कालो झन्डा प्रदर्शन गर्दै प्रधानमन्त्री ओलीको विरोध



झापा (प्रस) । नेकपा एमालेको जनजागरण सभाका लागि पार्टी अध्यक्ष तथा प्रधानमन्त्री केपी ओली दमक आएका बेला राष्ट्रिय स्वतन्त्र पार्टीले झापामा सांकेतिकरुपमा कालो झन्डा प्रदर्शन गरेको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीको शिवसताक्षी नगर समितिको प्रथम नगर अधिवेशनका सहभागीहरुले आफ्नो कार्यक्रमस्थलमा सांकेतिकरुपमा कालो झन्डा प्रदर्शन गरी प्रधानमन्त्री ओली र सरकारविरुद्ध चर्का नारावाजी गरेका छन्। सहभागीहरुले ' तानाशाह चाहिदैन दमन गर्न पाइदैन , न्यायालय निष्पक्ष होस् , प्रहरी प्रशासनमा राजनीति आदेश बन्द गर , ओली गुण्डाराज चल्दैन , विधिको शासन कायम गर , जनता अब जाग्नेछन् निरंकुश भ्रष्ट भाग्नेछन् ' जस्ता नारा लगाएका हुन् ।

रास्वपा शिवसताक्षी नगर सभापति तुलसी खनालको अध्यक्षतामा भएको कार्यक्रममा पार्टी सचेतक निशा डाँगी , प्रदेशका कार्यवाहक सभापति सरिन तामाङ, प्रदेश महामन्त्री लालविक्रम थापा , कोशी- काठमाडौं सम्पर्क समिति सभापति राजन दाहाल , झापाका सचिव शम्भु सुस्केरा , सहसचिव भीम कुँवर , कोषाध्यक्ष पुष्प ढकाललगायत क्षेत्र र पालिकाका कार्यकर्ताहरुको उपस्थिति रहेको थियो ।

आफूहरुले यसअघि नै शिवसताक्षी नगरपालिकामा अधिवेशन तय गरिसकेकाले प्रधानमन्त्रीलाई विरोध गर्न शनिवार दमक जान नपाएपछि आफ्नै कार्यक्रममा सांकेतिकरुपमा विरोध जनाइएको कार्यवाहक सभापति पाठकले जानकारी दिएका छन् ।

# करेन्ट लागेर झापा र इलाममा दुईजनाको मृत्यु



झापा(प्रस)।करेन्ट लागेर झापा र इलाममा दुईजनाको मृत्यु भएको छ । शनिवार बिहान अन्दाजी ११ बजेको विद्युतीय मोटरबाट करेन्ट लाग्दा झापाको कन्काईमा एकजनाको मृत्यु भएको हो । कन्काई नगरपालिका वडा नंम्बर १ बस्ने ६६ वर्षीय ताराबहादुर बिश्वकर्मा आफ्नै घरमा पानी तान्ने बिद्युतीय मोटरको तार जोड्ने क्रममा अचानक करेन्ट लागेर घाइते भएका थिए । उनलाई उपचारको लागि आफन्तले बिर्तासिटी अस्पताल बिर्तामोडतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भइसकेको प्रहरीले जनाएको छ ।

उता इलाममा पनि सोही समयमा करेन्ट लागेर अर्को एकजनाको ज्यान गएको छ । बिहान ११ बजे इलाम माई नगरपालिका ८ लालखोला बस्ने ४६ वर्षीय मदनकुमार राईले घरमा कोही नभएको अवस्थामा मोबाइल चार्ज गर्ने क्रममा उनलाई अचानक करेन्ट लागेको थियो । लडेर मृत अवस्थामा देखेपछि स्थानीयले दिउँसो १२:४० बजे प्रहरी चौकी महमाईमा जानकारी गराएका थिए । प्रहरी टोली खटिएर घटनास्थल सुरक्षित राखेको र थप अनुसन्धान तथा कानुनी प्रकृयाको लागि जिल्ला प्रहरी कार्यालयसंग समन्वय भइरहेको जनाइएको छ ।

# वीरगन्जमा कर्फ्यु आदेश जारी



झापा(प्रस) । हनुमान जयन्तीको शोभायात्राका क्रममा ढुंगामुढा भएपछि पर्साको वीरगन्जमा कर्फ्यु लगाइएको छ ।

एसपी गौतम मिश्रले जिल्ला प्रशासन कार्यालय पर्साले शनिवार साँझ ६:३० बजेदेखि आइतवार मध्याह्न १२ बजेसम्मका लागि वीरगन्जको मुख्य बजार क्षेत्रमा कर्फ्यु आदेश जारी गरेको बताए ।

प्रत्येक वर्षभैं हनुमान जयन्तीको शोभायात्राका क्रममा वीरगन्ज घन्टाघरदेखि दक्षिणतर्फ गएर फर्किने क्रममा छपकैया-३ मा रहेको श्रीराम हल चोकनजिक अज्ञात समूहबाट ढुंगामुढा भएपछि तनाव सिर्जना भएको प्रत्यक्षदर्शीले बताएका छन् । हनुमान जयन्तीको शोभायात्राका क्रममा तनाव सिर्जना भएपछि वीरगन्जमा प्रहरीले २ राउन्ड हवाई फायर र २५ राउन्ड अश्रुग्यास प्रहार गरेको खुलेको छ ।

घण्टाघरदेखि दक्षिणतर्फ वीरगन्ज-३ छपकैयास्थित श्रीराम चोक पुगेर फर्किने क्रममा शोभायात्राका सहभागीमाथि अज्ञात समूहले ढुंगा हानेको थियो । त्यसपछि तितरवितर भएका सहभागीले टायर बालेर प्रदर्शन गरे भने पसलका फर्निचर निकालेर जलाएका थिए ।

अवस्था तनावग्रस्त बनेपछि नियन्त्रणका लागि हवाई फायर र अश्रुग्यास प्रहार गर्नुपरेको एसपी गौतम मिश्रले बताए । सो क्रममा मिश्र र सशस्त्र प्रहरीका डीएसपीसहित २५ जना सुरक्षाकर्मी र करिब एक दर्जन स्थानीय बासिन्दा घाइते भएका छन् ।

# नेत्रहीन संघद्वारा सेतो छडी र ब्रेल पेपर वितरण

बिर्तामोड(प्रस)। झापा नेत्रहीन संघले १० जनालाई सेतो छडी र चारजनालाई ब्रेल पेपर वितरण गरेको छ। नव वर्ष २०८२ को उपलक्ष्यमा झापा नेत्रहीन संघले आयोजना गरेको कम्प्युटर तालिम उद्घाटन र जङ्गबहादुर बोगटीको १८६ औं जन्मजयन्ती कार्यक्रमका अवसरमा सहायक सामग्री वितरण गरिएको हो। पवित्रा तामाङ, केशव न्यौपाने , अमृता विक , दिपक तामाङ , सुष्मा राजवंशी , शम्भु राजवंशी , अश्विनीकुमार काफ्ले , सुष्मा ढुंगेल , जेठा मुर्मु र महेन्द्रकुमार श्रेष्ठलाई सेतो छडी वितरण गरिएको हो। त्यस्तै डोवलाल राजवंशी , पवित्रा तामाङ, अश्विनीकुमार काफ्ले र सुष्मा ढुंगेललाई ब्रेल पेपर वितरण गरिएको थियो। झापा नेत्रहीन संघका अध्यक्ष होमनाथ राजवंशीको


❖ बाँकी अन्तिम पृष्ठमा


# आमाको किरियामा बसेका छोराको पनि निधन

झापा(प्रस)। झापाको दमक ८ मा आमाको किरियामा बसेका छोराको निधन भएको छ।

लक्ष्मी टोलमा आफ्नी आमा तिलामाया संग्रौलाको किरियामा बसेका जेठा छोरा ६१ बर्षिय रामप्रसाद संग्रौलाको निधन भएको हो। किरियाको पाँचौं दिन बिहीबार राति सो घटना भएको हो।

किरियामा बसेका संग्रौलालाई एक्कासि हृदयाघात भएपछि उपचारका लागि राति नै दमक अस्पताल लगिएको थियो। राति करिब पौने ९ बजे उनलाई चिकित्सकले मृत घोषणा गरेका थिए। तर पारिवारिक कारणले मृत्यु भएको खबर सार्वजनिक गरिएको थिएन।

मृतक रामप्रसादका भाई राप्रपाका केन्द्रीय सदस्य लक्ष्मीप्रसाद संग्रौलाले दाजुको अन्त्येष्टि शनिवार कन्काई माईमा गरिएको जानकारी दिएका छन्।

# बोनम्यारोपीडित बालकलाई रोट्र्याक्टको सहयोग

बिर्तामोड(प्रस) । रोट्र्याक्ट क्लब अफ बिर्तामोडले बोनम्यारोपीडित एक बालकलाई आर्थिक सहयोग गरेको छ। आर्थिक अभावका कारण आफ्ना चार वर्षीय छोरा उज्वल ठाकुरलाई उपचार गराउन नसकिरहेका बिर्तामोड ५ जात्रुवारीका बुवा मुकेश ठाकुर र आमा पिंकी राजवंशी ठाकुरलाई रोट्र्याक्ट क्लब अफ बिर्तामोडले १५ हजार नगद सहयोग गरेको हो । भारतको चेन्नईमा उपचारका लागि लैजानुपर्ने आफ्ना छोरालाई आर्थिक अभावमा उपचार गराउन समस्या भइरहेको बुवा मुकेश ठाकुरले बताए। आफूहरुको संस्था आर्थिकरुपले सबल नभएपनि सदस्यहरुबाट संकलन गरी बोनम्यारोपीडित बालकलाई आर्थिक सहयोग गरेको रोट्र्याक्ट क्लब अफ बिर्तामोडका प्रेसिडेन्ट प्रज्वल बिमलीले बताए।

उनले यस किसिमका सामाजिक कार्यहरु संस्थाले निरन्तर गर्दै आएको जानकारी दिए। संस्थाका प्रेसिडेन्ट बिमलीको अध्यक्षतामा भएको कार्यक्रममा संस्थापक अध्यक्ष प्रवेश बस्नेत , पास्ट प्रेसिडेन्टहरु दिवाकर प्रसाई , राज मुखिया , बसन्त ढकाल , बसन्त बुढाथोकी , इमिडेट पास्ट प्रेसिडेन्ट वाप्पा शाहलगायतले शुभकामना मन्तव्य राखेका थिए। कार्यक्रमको संचालन क्लब एडमिन चेयरपर्सन श्रद्धा प्रसाईले गरेकी थिइन् । कार्यक्रमको दोस्रो चरणमा नयाँ सदस्यहरुका लागि इन्डक्सन कार्यक्रम राखिएको थियो । कार्यक्रमको सहजीकरण आइपीपी वाप्पा शाहले गरेका थिए। कार्यक्रममा १५ जना नयाँ सदस्यहरुको उपस्थिति रहेको थियो।


**डा. प्रेम ब. शाही, MS, FISS**
वरिष्ठ विशेषज्ञ - हाड, जोर्नी, नशा, मेरूदण्ड रोग /सर्जन
समय: सोमबार देखि बिहिबारसम्म, २ बजे देखि

**डा. दिपायन पाण्डे, MD**
वरिष्ठ विशेषज्ञ - छाला, यौन, कपाल, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक बिहिबार, स्किन हस्पिटल, दमकबाट

**डा. आलोक झा, MD**
वरिष्ठ विशेषज्ञ - मानसिक, नशा तथा मनोरोग
समय: प्रत्येक महिनाको पहिलो शनिबार, कोशी हस्पिटल, विराटनगरबाट

**डा. केशव कु. मण्डल, MD**
वरिष्ठ विशेषज्ञ - नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समय: दैनिक सेवा, बिहान १० बजे देखि

**डा. धिरज ताम्रकार, MD / डा. आनन्द देव, MD**
वरिष्ठ फिजिसियन /इन्टरनल मेडिसिन
समय: दैनिक सेवा

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर) पेट, जन्डिस, हेपटाईटिस रोग तथा कलेजो प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, विर हस्पिटल, काठमाडौंबाट

**डा. अच्युत भक्त आचार्य, MD, DM**
वरिष्ठ विशेषज्ञ - छाति, फोक्सो, दम, श्वासप्रश्वास, एलर्जी, निन्द्रा तथा क्षयरोग/ पल्मोनोलोजिष्ट
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, नर्भिक हस्पिटल काठमाडौंबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
वरिष्ठ विशेषज्ञ - बाथरोग, संक्रमण रोग तथा फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शनिबार, न्यूरो हस्पिटल विराटनगरबाट

**डा. निशान भुर्तेल, MD, DM**
वरिष्ठ विशेषज्ञ - मृगौला (किड्नी) रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, सिभिल हस्पिटल काठमाडौंबाट

स्वास्थ्य सेवामा तपाई सँगै
**जिवनरक्षा बिर्तामोड**
पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-८, भद्रपुररोड, झापा (भद्रपुरबसस्टेण्ड अगाडि)
जानकारी तथा नाम दर्ताका लागि सम्पर्क
023-591566 (Reception), 023-531242 (Pharmacy)
9807923352 / 9817094601
विशेषज्ञ OPD सेवा/प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/डिजिटल एक्स-रे
ECG/ EEG/NCT/PFT/फार्मेसी
खुल्ने समय: बिहान ७ बजे देखि बेलुकी ७ बजे सम्म

**डा. धर्मागत भट्टराई, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल रोग, इम्युनोलोजी (रोग प्रतिरक्षा), एलर्जी, बाल बाथजन्यरोग र बाल बोनम्यारो मेडिसिन विज्ञ
समय: प्रत्येक महिनाको अन्तिम शुक्रबार र शनिबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. उत्कर्ष कार्की, MD, DM**
वरिष्ठ विशेषज्ञ - बालबालिका किशोरकिशोरी नशा तथा मानसिक रोग /बाल मनोचिकित्सक
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार र शनिबार, कान्ति बाल हस्पिटल, काठमाडौंबाट

**डा. सन्तोष मिश्र, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल नशा मस्तिष्क, मेरूदण्ड, अटिजम, टाउको रोग /बाल न्यूरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**डा. दिलिप न्यौपाने, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल पेट, ग्याष्ट्रिक, आन्द्रा, प्यान्क्रियाज, कुपोषण, तथा कलेजो रोग /बाल ग्याष्ट्रोइन्टेरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
वरिष्ठ विशेषज्ञ - मेरूदण्ड (स्पाइन), नशा, ढाँड, गर्धन, कम्मर रोग /स्पाइन सर्जन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. पुरूषोत्तम पराजुली, MS, MCh**
वरिष्ठ विशेषज्ञ - पिसाब, प्रोस्टेट, मुत्रनलि, पत्थरी तथा मुत्र रोग /युरोलोजिष्ट
समय: प्रत्येक महिनाको तेस्रो शनिबार, न्यूरो हस्पिटल, विराटनगरबाट

**डा. अपार पोखरेल, MS, FIPE**
वरिष्ठ विशेषज्ञ - नाक, कान, घाँटी रोग /बाल तथा वयस्क ENT सर्जन
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, सिभिल हस्पिटल, काठमाडौंबाट

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
वरिष्ठ विशेषज्ञ - मधुमेह (सुगर), थाइराईड, हर्मोन रोग
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, विराटनगरबाट

# बुद्धशान्तिका पत्रकारहरुद्वारा शुभकामना आदानप्रदान



बुद्धशान्ति(प्रस) । झापा बुद्धशान्तिका पत्रकारहरुको छाता संगठन बुद्धशान्ति प्रेस क्लब बुद्धशान्तिले नयाँ वर्ष २०८२ को अवसर पारेर वार्षिक भित्तेपात्रो विमोचन तथा शुभकामना आदानप्रदान कार्यक्रम गरेको छ । शनिवार प्रेस क्लबका अध्यक्ष तीर्थराज तिम्सिनाको सभापतित्वमा भएको कार्यक्रममा बुद्धशान्ति गाउँपालिका अध्यक्ष मनोज प्रसाईंको प्रमुख आतिथ्यता तथा गाउँपालिका उपाध्यक्ष भवानीप्रसाद खतिवडाको विशेष आतिथ्यता रहेको थियो ।

भित्तेपात्रो विमोचनपश्चात् प्रमुख अतिथि गाउँपालिका अध्यक्ष प्रसाईंले नयाँ बर्षको शुभकामना व्यक्त गर्दै पत्रकारहरुले खोज पत्रकारितामा जोड दिन आग्रह गरेका छन् । उनले स्थानीय निकायले स्वास्थ्य, शिक्षा, पूर्वाधार, विकास निर्माण जस्ता क्षेत्रमा गरेका महत्वपूर्ण कामलाई प्राथमिकतामा राखेर समाचार सम्प्रेषण गर्न आग्रह गरेका छन् । उनले आगामी दिनमा पत्रकारको तालिम तथा क्षमता अभिबृद्धिका लागि पालिकाले सहकार्य गरेर अगाडि बढ्ने समेत बताएका छन् ।

## नेत्रहीन...

सभापतित्व र बिर्तामोड नगरपालिका नगर उपप्रमुख नगेन्द्र संग्रौलाको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा बिर्तामोड ३ का वडा सचिव भिम अधिकारी, संस्थापक अध्यक्ष द्रोणचार्य निरौला, समाजसेवी खिलप्रसाद सिवाकोटी, सल्लाहकार प्रेमप्रकाश सिटौला, लायन्स क्लबका सत्यनारायण अग्रवाललगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रममा नेत्रहीनहरुले सुमधुर सांगीतिक प्रस्तुती प्रस्तुत गरेका थिए । उपाध्यक्ष उत्तम खत्रीले स्वागत मन्तव्य राखेको कार्यक्रमको संचालन सचिव दिलकुमार राजवंशीले गरेका थिए ।

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
प्रिन्सिपल : इशुभ पाण्डे
प्रज्ञा एकेडेमी परिवार
भद्रपुर, झापा

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
साइद हुसैन तथा हुसैन परिवार
भद्रपुर,८- झापा

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
प्रेरणा ट्रेडर्स परिवार
भद्रपुर, झापा

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्ष : गोपालबहादुर थापा
स्वर्गद्वारी कृषि सहकारी संस्था लि. परिवार
भद्रपुर, झापा

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
सचिव :गंगाकुमारी कार्की अध्यक्ष : यादवकुमारी तिम्सिना
श्री पञ्चकन्या महिला बहुउद्देश्यीय सहकारी संस्था लि. परिवार
बिर्तामोड झापा

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्ष : युवराज डाँगी
नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठान परिवार
बिर्तामोड झापा

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्ष : प्रज्वल राई
झापा उद्योग संघ परिवार
भद्रपुर, झापा

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
प्रोप्राइटर : राजकुमार राई
जुनतारा कन्स्ट्रक्सन परिवार
भद्रपुर, झापा

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
सरावगी प्लाइउड उद्योग परिवार
भद्रपुर, झापा

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
समाजसेवी : बिज्ञानचन्द्र राई तथा परिवार
भद्रपुर, झापा

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
चन्द्रगढी सामुदायिक वन उपभोक्ता समिति परिवार
भद्रपुर,९- झापा

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
प्रबन्ध निर्देशक : गोपालबहादुर थापा
मैनाचुली ह्युमपाइप उद्योग परिवार
भद्रपुर,(देउनिया) झापा

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
गोरखकाली सिमेन्ट उद्योग परिवार
दुहागढी झापा

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
सचिव :दुर्योधन कार्की अध्यक्ष : चुडामणि मैनाली
चन्द्रगढी दोस्रो खानेपानी तथा सरसफाई समिति परिवार
भद्रपुर, झापा

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
चन्द्रगढी टी इस्टेट परिवार
चन्द्रगढी, झापा

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्ष : हिरण्यकुमार न्यौपाने
नेपाल निजामती कर्मचारी संगठन परिवार
अध्यक्ष :वशिष्ठ अधिकारी
राष्ट्सेवक बचत तथा ऋण सहकारी संस्था लि. परिवार
चन्द्रगढी, झापा

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
पशुहाट पटके कर संकलन परिवार
भद्रपुर, झापा

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
पशुहाट पटके कर संकलन परिवार
भद्रपुर, झापा

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्ष : हिमालयप्रसाद कन्दङ्वा
जनशक्ति बचत तथा ऋण सहकारी संस्था लि. परिवार
बिर्तामोड झापा

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
कार्यकारी निर्देशक : महेन्द्र गिरी
सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि. परिवार
बिर्तामोड झापा

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
कलवलगुडी कृषि सहकारी संस्था लि. परिवार
भद्रपुर, झापा

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
एसियन प्लाइउड उद्योग परिवार
भद्रपुर, झापा

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
बन्दीविकास पुस्तकालय परिवार
भद्रपुर, झापा

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
कालिका टी इस्टेट परिवार
भद्रपुर, झापा

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

# प्रतिदिन अभिव्यक्ति

कविता

## समय



• पवित्रा घिमिरे

समय !
तिमी अदृश्य तर सर्वशक्तिमान
पानी झैं बग्छौ
तर कहिलेकाहीँ पहाडझैं अडिन्छौ
तिमीलाई म कसरी परिभाषा दिऊँ ?
सपनाहरूको सेतु कि विपद्को आँधी ?
तिमी न त हाम्रो मुठीमा अँचेटिन्छौ
न त आँखाले देख्छौ
तर तिम्रो उपस्थितिले
हामीलाई बाँच्न सिकाउँछ
मानिस भन्छन्,
"समय बलवान् छ ।"

तर यो बल
कसैलाई सूर्यझैँ उज्यालो दिन्छ
कसैलाई आँधी झैं तड्पाउँछ
तिमी कहिले मीठो गीत हो
कहिले आँसुको नदी
कहिले पोल्छौ
सिस्नोका पातले छुँदाझैं
कहिले भुलाउँछौ
बच्चाको मुस्कानझैँ
समयको हात कस्तो होला?
कहिले ममताको सहारा
कहिले निर्दयी जेलर
यसैलाई नै त भन्छन्
समयको खेल
तिमी
कहिले विचारहरूलाई चिसो सिरेटोले
शान्त पार्छौ
कहिले मनको भावना
अग्निझैँ बल्छ
तिमी भोगाइ हौ
कहिलेकाहीँ त सम्झनाका घाउ
तर सोच
समय त हावाको झोक्काजस्तै
कहिले सुक्खा
कहिले मधुर स्पर्श
तिमी कहिले गीतको ताल
कहिले जीवनको जाल
"समय त सुनौलो मौका हो,"
कसैले भन्छन्
तर कति जना समयलाई
समयमै चिन्छन् ?
प्रगतिको सिँढी चढ्न खोज्छन्
तर बीचमै लड्छन्
समय त पर्खदैन
यो त कहिल्यै नरोकिने नदी
समयले कहिलेकाहीँ
गहिरो चोट दिन्छ
जसलाई सम्झिँदा
आँखामा आँशू भरिन्छ
तर
यही समयले नै
चोटहरूलाई चन्दनझैँ मलम लगाउँछ
समयलाई दोष दिनु सजिलो छ
तर बुझ्न कठिन
तिमी, समय
जीवनको दर्पण हौ
तिमीबिना
यो यात्रा अधुरो छ
तर म भन्छु
समय त अनमोल गुरु हो
जसले हरेक चोटसँग
पाठ दिन्छ
जसले हरेक आँशूमा
सपना रोप्छ
जसले हरेक पराजयमा
विजयको बीउ छर्दछ
समय, तिमीलाई पक्रन खोज्नु
बतासलाई समाउन खोज्नुझैँ हो
तर तिम्रो स्पर्श
जीवनको कथा लेख्छ

यसैले
समयको सम्मान गर
यसलाई साथी बनाऊ
किनकि समय
जीवनको धड्कन हो ।

# माफ गर प्रिय, म प्रेम गर्न सक्दिनँ !



• आकांक्षा धामी

सपना हर कोहीको हुन्छ, तर केही सपना यस्ता हुन्छन्, जुन केवल हृदयबाट निस्केर जीवनको उद्देश्य बनाउँछन्।
मेरो सपना सानो होइन, यो एउटा यात्रा हो जसले मलाई मेरो अस्तित्वको गहिराइसम्म पुऱ्याउँछ। हामीहरूलाई थाहा छ कि जिन्दगी सधैं सहज हुँदैन।
तर जब तपाईंको मनमा एक स्पष्ट उद्देश्य छ, तब तपाईंलाई कुनै पनि चुनौतीलाई पार गर्नको लागि प्रेरणा मिल्छ। मेरो जीवनको गहिरो उद्देश्य थियो - 'आफ्नो लक्ष्य पूरा गर्नुछ, बाआमाको सफल छोरी बन्नु छ।'
म सधैं सम्झन्छु, जब म सानो थिएँ, तब बाआमाको आँसु र मुस्कानको बीचको संघर्ष देखेकी थिएँ। बाआमाले हाम्रो लागि गरेको अनगिन्ती दुःखहरू देखेको थिएँ। एकै साथ घरको काम र बाहिरको संघर्षमा जुझ्दै उनीहरूले हाम्रो लागि अनगिन्ती इच्छाहरू त्यागेको देखेको थिएँ। मलाई सधैं लागेको थियो कि उनीहरूको संघर्ष केवल शारीरिक थिएन, यो मानसिक र भावनात्मक थियो। त्यसैले मैले आफ्ना सपनाहरूलाई एक वास्तविक लक्ष्यको रूपमा राखेँ, जसले बाआमाको आशा र मेहनतलाई सम्मान दिन सकियोस्।
म आफूलाई सक्षम बनाउन चाहन्थेँ। साथै मसँगै बाआमाका सपनाहरू पनि पूरा गर्ने सपना थियो। मलाई थाहा थियो जबसम्म मेरो लक्ष्यको बाटो नतिजा दिँदैन मैले कठिनाइलाई स्वीकारेर अघि बढ्नुपर्छ।
त्यो समय सम्झँदा मलाई बाआमाको माया, बलिदान र आशा सम्झिन्छु। मैले कहिल्यै बाआमाको संघर्षलाई हल्का रूपमा लिइनँ।

धेरैपटक मैले लक्ष्यको बाटोमा निराशा र अवरोधहरूलाई अनुभव गरेँ। कहिलेकाहीँ जस्तो लाग्थ्यो, शायद मैले हार खाइरहेको छु। तर, म त्यही बाआमाको शब्द सम्झन्थें, जबसम्म 'तिमीले प्रयास गर्न पाएको छैनौ, तबसम्म हार स्वीकार्नु हुँदैन।' यही शब्दहरूले मलाई प्रेरणा र सशक्त बनाउन मद्दत पुर्याउँथ्यो।

अहिले म जति पनि सफलतामा पुगेको छु, त्यसका पछाडि बाआमाको माया र संघर्षको ठूलो हिस्सा छ। मैले आफ्नो लक्ष्य धेरै त होइन केही सफलताहरू प्राप्त गरेकी छु। म एक सफल विद्यार्थी, साथी र अब बाआमाको गर्विलो छोरी बन्ने यात्रा पूरा गर्दैछु।

हरेक सफलता र प्रगति एक दिनको काम होइन। यसमा रातदिनको कठिन परिश्रम, माया र बलिदानको एउटा गहिरो रहस्य लुकेको हुन्छ। अगाडि बढ्दै जाँदा बाँच्ने क्रममा मैले धेरै पीडा, संघर्ष र निराशा भोगें, तर यी सबैका बीचमा म सधैं बाआमाको माया र समर्थनलाई सम्झन्छु।

बाआमा, म जान्दिनँ के तपाईलाई थाहा छ कि म तपाईंको अपेक्षाहरू पूरा गर्न सफल भएकी छैन। तर मैले मेरो सबै प्रयास गरेर तपाईंको हर एक सपना मेरा लागि वास्तविकता बनाउन चाहेकी छु। मैले तपाईंलाई गर्व गर्ने ठाउँ दिन सकेको दिन नै मेरो जीवनको ठूलो सफलता हुनेछ।

मैले कहिल्यै आफ्नो लक्ष्यलाई भुलेको छैन। मेरो लक्ष्य एकदम स्पष्ट छ कि - 'आफ्नो लक्ष्य पूरा गर्नुछ, बाआमाको सफल छोरी बन्नु छ।'

मेरो संघर्ष र अध्ययन यही उद्देश्यको लागि हो यो मलाई राम्रोसँग थाहा छ। तर कहिलेकाहीँ जब म हार्छु तब थकित हुन्छु। तर त्यो बेला बाआमाको आँखामा देखिएका आशाहरूलाई सम्झेर अगाडि बढ्छु।

अगाडि बढ्दै जाँदा जीवनमा धेरै व्यक्तिहरूसँग भेटघाट हुन्छ, कोही नजिक हुन खोज्छन् त कोही टाढा। तर म सधैं सोच्छु, कति धेरै कुरा जीवनमा प्राप्त गर्न सकिन्छ जब हाम्रो लक्ष्य स्पष्ट हुन्छ। मलाई थाहा थियो, मेरो मनमा एक मात्र इच्छा थियो–सपना पूरा गर्नु, र त्यसको लागि म कुनै पनि हदसम्म जान चाहन्थें। बाआमाको सफलताको म प्रतीक बन्न चाहन्थें। त्यसैले, मैले प्रेम र सम्बन्धका सबै बन्धनहरूलाई पछाडि राखेँ। मेरो जीवनमा प्रेम त नभएको होइन अर्थात् कोही मान्छे नआएको पनि होइन। तर मलाई 'प्रेम गर्नु नै छैन,' म यसैसँग अघि बढ्न चाहन्थेँ। मलाई बाआमाको सफल छोरी बन्नु थियो, मेरो काममा तल्लीन हुनु थियो।

सपना देख्न, प्रयास गर्न र असफलताबाट सिक्न, यसरी नै मलाई आफ्ना लक्ष्यसम्म पुग्नु थियो। मेरो मनको खाली स्थान भर्न म प्रेमको बारेमा सोच्न चाहन्थें, तर म जान्दथें–यदि मैले प्रेमलाई साथ दिनु भने मेरो ध्यान विचलित हुनेछ।

यद्यपि मेरा साथीहरूले प्रेमका बारेमा अनगिन्ती किस्साहरू सुनाउँथे, मैले तिनीहरूको बारेमा सोच्न पनि चाहिनँ। मेरो नजर भविष्यमा थियो, जहाँ मैले बाआमाको सफल छोरी र दिदी दाइको सम्मानित बहिनी बन्नु थियो।

तपाईंलाई थाहा छ, मेरो मन कहिल्यै प्रेमका गीतमा रमाउन चाहँदैन थियो, म अरूको अगाडि प्रेमका शब्दहरू बोल्न चाहिनँ। मेरो ख्याल कहिल्यै पनि यत्रो बढी मुटुमा सस्तो लगाव राख्ने विषयमा थिएन। म चाहन्थें, आफ्नो जीवनलाई ठोस उद्देश्यसँग अगाडि बढाउन।

म सधैं सोच्थें, के वास्तवमा म प्रेममा पर्न चाहन्छु? म कति बेला प्रेमको बारेमा सोच्थें, तर म आफूलाई यति धेरै व्यस्त राख्थें कि प्रेमका बारेमा सोच्नको लागि समय नै हुन्न थियो। म जति प्रयास गर्थें, त्यति नै मेरो मनको गहिराइमा यो प्रश्न झन् गहिरो हुन्थ्योः 'के म प्रेम गर्न सक्छु?'

आफ्नो जीवनको उद्देश्य र लक्ष्य पूरा गर्नको लागि म आफैलाई समर्पित गर्न चाहन्थें। म चाहन्थें बाआमाका आँखामा गर्वको अंश बन्न, मेरो परिवारलाई सम्मान दिन र आफूलाई आत्मनिर्भर बनाउन। मलाई थाहा थियो कि प्रेमको मोह र आकर्षणले मेरो ध्यान बाड्न सक्छ, त्यसैले मैले आफैसँग वचन गरेंः 'प्रेम गर्न सक्दिनँ।'

यो निर्णय सहज थिएन। जब साथीहरू, परिवार र समाजले मसँग प्रेमका बारेमा कुरा गर्दथे, मलाई सधैं अनौठो महसुस हुन्थ्यो। के म साँच्चै प्रेममा पर्न सक्दिनँ? के म काठमाडौंको भीडभाडमा घुम्दा पनि प्रेमको महत्त्व बुझ्न सक्दिनँ? मलाई थाहा थियो कि म आफ्नै सपना र लक्ष्यमा समर्पित रहन चाहन्थें।

मैले सोचेँ, 'प्रेम गर्छु भने मेरो ध्यान टुट्नेछ, मेरो उद्देश्यमा कुनै प्रगति हुने छैन।' त्यसैले मैले प्रेमलाई समयको अपव्यय ठानें। मेरो मनमा एक मात्र कुरा थियो–सपना पूरा गर्नु। म सधैं सोच्थें, 'मेरो लक्ष्य मात्र मेरो जीवनको मार्गदर्शन हो, प्रेम बढी महत्वपूर्ण छैन।'

तर, यो निर्णय गर्नु सरल थिएन। प्रेमको लाज र डरबाट मुक्त हुन मैले कठिन यात्रा तय गरेँ। मलाई थाहा थियो कि यो निर्णय गर्दा म केही कुरा गुमाउने थिएँ, तर मेरो मनमा यो थियो कि मैले आफ्नो सपना पूरा गर्नैपर्छ।

समय सँगसँगै मैले आफ्नै जीवनलाई समर्पित गर्दै अघि बढें, तर त्यो समयको बीचमा मैले प्रेमको भावना कति गहिरो थियो भनेर महसुस गर्न थालेँ। अझै पनि प्रेमको कुरा गर्दा मेरो मन केही हल्का हुन्छ, तर मैले आफैसँग सम्झाइरहेकी छु– 'प्रेम गर्न सक्दिन, मेरो लक्ष्य अझै बाँकी छ।'

मैले प्रेमलाई अस्वीकार नगरे पनि, त्यसलाई आफ्ना लक्ष्यका लागि एक खुड्किलाको रूपमा राखेकी छु। जीवनको यात्रा कठिन थियो, तर म आफूलाई सधैं सम्झाउँछु कि मेरो लक्ष्यभन्दा बढी महत्वपूर्ण अरू केही छैन।

यसरी, मैले 'प्रेम गर्न सक्दिनँ' भन्ने शब्दलाई आफ्नो जीवनको मार्गदर्शन बनाइराखेकी छु। अब म सम्झन्छु–जब म आफ्नो लक्ष्य पूरा गर्छु, त्यसपछि म प्रेमको अर्थ अझै राम्रोसँग बुझ्न सक्छु।

म केवल आफ्ना लागि सफल हुने छैन, मैले आफ्नो परिवारका लागि पनि केही गर्नुछ। म सधैं बाआमाको एउटा गर्व बन्न चाहन्थें, जसको पछि मेरो सफलताले सबैलाई प्रेरित गरोस्। आज म जहाँ छु, यो मेरा बाआमाको साथ, माया र संघर्षको परिणाम हो। मैले पाएको हरेक सफलता, हरेक प्रगति, त्यसमा बाआमाको छाया, प्रेरणा र बल छ।

# शून्य आकाश शून्य मन

• पद्मावती सिंह

बरन्डाछेउ कुनामा राखिएको मेचमा सानुकाजी घोत्लेर बसिरहेका छन् । उनी यसरी सधैँ साँझको याममा घण्टौं शून्य मन तथा शून्य आँखाले शून्य आकाशलाई हेरिरहन्छन् यो उनको दैनिकी भन्दा पनि हुन्छ । उनको मन आकाश जस्तै शून्य छ । नहुनु पनि किन ? यो बुढेसकालमा एक्लो जीवन बिताउन कम कष्टकर

छ... ?! आफू ८० वर्ष लागिसक्दा पनि सन्तानबाट विमुख भएर बस्नु परेको छ । आज सबैका सन्तान बिदेसिएका छन् । कोही पनि हेरविचार गर्ने छैनन् - वृद्ध भइसकेका आमाबाबुलाई छाडेर विदेश पलायन भएका छन् । आजको समयले दिएको पीडालाई सहन उनी बाध्य भएका छन् । उनको छोरा रविकाजी अमेरिका पलायन भएको आठ वर्ष भइसक्यो । एकपल्ट उनी साह्रै बिरामी परी अस्पतालमा भर्ना भएको बेला आएका थिए, त्यसपछि त बेपत्ता जस्ता भएका छन् । बराबर फोन गरेर हालखबर सोधिरहन्छन् - कर्तव्य निर्वाह गरे झैं ।

"उफ ! समय पनि कस्तो आयो हे दैव...," उनी लामो सुस्केरा हाल्छन् ।

"बाज्या, किन अँध्यारोमा बसिरहनु भाको ? भात पाकिसक्यो," न्हुछेमानले कोठाको बत्ती बालेर भन्छ ।

"मलाई आज खान मन छैन," अँध्यारोबाट मुक्त भई उनले हत्केलाले आँखाको दुई कुनामा परेली भिजाई बगेको आँसु पुछ्दै भन्छन् ।
"आ बाज्या पनि । थोरै भए पनि खानु पर्छ ।" न्हुछेले अनुरोध गरेझैँ भन्छ ।
बेमनले सानुकाजी उठेर कोठाभित्र पस्छन् । न्हुछेमानले कोठामै खाना ल्याइदिन्छ । सानुकाजीले बेमनले खाना खाएर भन्छन्, "न्हुछे हेर् त, आज मैले तेरो साहुनी आमालाई धेरै सम्झेँ । उनले मलाई एक्लै छोडेर गएकी पनि १० वर्ष भएछ ।" न्हुछे सान्त्वना दिँदै भन्छ, "सबै जना छोडेर जानु पर्छ । कोही अघि कोही पछि त हो नि बाज्या ।"

"जा थोरै चिया बनाएर ल्या- आज मन त किन हो किन साह्रै उकुसमुकुस भएको छ ।"
"हस् ।"
न्हुछे गएको हेर्दै सानुकाजी बिछ्यौनामा पल्टिरहन्छन् । उनी विगतमा विचरण गर्न पुग्छन् । उनकी पत्नीको देहान्त हुँदा उनको छोरो मात्र १० वर्षको थियो । बुढेसकालमा स्याहार्नका लागि अर्को विवाह गर्नु पर्छ भनेर कतिले सल्लाह दिएका थिए तर उनी मान्दै मानेनन् । बुढेशकालमा जन्मेको छोरोलाई दुःख हुन्छ भनेर उनले सबैको सल्लाह लत्याएका थिए । छोरालाई बोर्डिङ स्कुलमा राखेर पढाए । २० वर्ष लागेपछि रवि पढ्न भनी अमेरिका गएका उतै रमाए- उतै बिहे गरे- अनि उतै स्थायी रूपले बसोबास गरे ।
एक्लो बुढो बाबुलाई छोडेर उतै भास्सिए । न्हुछेले चिया लिएर आयो । चियाको चुस्की लिँदै फेरि सोचाइमा गुजुल्टिँदै गए । कत्रो इच्छा थियो- छोराको धुमधामसित बिहे गर्ने- त्यो इच्छा पनि अधुरै रह्यो । "हैन बाज्या- तपाईंलाई सन्चो छैन कि क्या हो ?!" न्हुछेले सोध्यो ।
"के सन्चो के बिसन्चो... । एक्लो जीवन, अब त बाँच्न पनि मन लागेन । व्यर्थै बाँचिरहे जस्तो लाग्छ ।" चिया पिइसकेर उनी बिछ्यौनामा पल्टिछन् ।
त्यही बेला मोबाइलको घन्टी बज्यो ।
"बाऽऽऽ, यो दसैँमा हामी सपरिवार नेपाल आउँछौं ।" छोराको कुरा सुनेर उनको मनमा झलमल्ल घाम लाग्छ ।
"हो र बाबु, तिमीहरूलाई हेर्न साह्रै लालायित छु । पक्कै हो त ?"
"हो बा, आउन ठिक परेका छौं ।"
सानुकाजी जुरुक्क उठेर बस्छन् । उज्यालो अनुहार लाएर भन्छन् ।
"हेर न्हुछे, छोरा दसैँमा आउने रे ।"
"लौ अब म आनन्दले सुत्छु । बत्ती निभाएर जा ।"
त्यो रात सानुकाजी सन्तोषको निद्रा निदाउँछन् ।
टोलमा सबैलाई यसपालि त मेरो छोरा सपरिवार नेपाल आउँदै छन्- उनी फुरुक्क परेर भन्दै हिँड्छन्- टोलमा चिनेजानेका सबैलाई । उनलाई जाँगर पनि निकै चल्छ । उत्साहले पनि आकाश चुम्छ । अब उनी साँझपख आनन्द मनले आकाशतिर दृष्टि फ्याँकेर मुस्कुराउँछन् । आकाशका तारा हेरेर आँखा झम्क्याउँछन् । संसारै रमाइलो लाग्छ सानुकाजीलाई ।

"छोरालाई यहीँ बस्न फकाउँछु म ।" उनी मनमनै फुरुक्क परेर सोच्छन् । एउटा छोरा, सारा सम्पत्ति उसको नाममा लेखिदिन्छु र उसलाई यहाँ बस्नका लागि उक्साउँछु- कसो नमान्ला र... !"

सानुकाजीले छोराको घर आउने खुसियालीमा घरलाई रङ लाएर चिटिक्क पार्छन् । छोराको कोठाको सोफा पनि नयाँ किनेर कोठा सजाउँछन्- नयाँ पर्दा फेर्छन् । पैसा केका लागि हो र... सबै छाडेर जाने त हो नि... । आफूले जम्मा गरेर राखेको सबै पैसा सक्छन् ।

अब दसैँ आउन केवल १५ दिन मात्र बाँकी रह्यो । छोराको आउने खबर सुनेदेखि उनको छाती दुख्ने बिमारी पनि निको भएको छ ।

सानुकाजीले दसैँमा चाहिने पूजाका सरसामान र भान्छामा चाहिने सबै वस्तु न्हुछेलाई किन्न पठाएर ठिक्क पार्छन् । "न्हुछे, यसपालि त सबै जना मिलेर दसैँको भोज खानु पर्छ । तेरो साहुनी बितेदेखि सबै जना सँगै बसेर भोज खाएकै छैन हगि ?"

"हो बाज्या यसपालि त साह्रै रमाइलो हुने भो," न्हुछेले पनि खुसी प्रकट गर्छ ।

त्यही बेला मोबाइलको घन्टी बज्छ । सानुकाजीले झटपट मोबाइलमा कान राखेर सुन्छ ।

"बा ऽऽऽ यसपालि त पक्कै नेपाल आउँछु भनेको मिल्दै मिलेन ।" यति सुन्नासाथ सानुकाजीको हातबाट मोबाइल खस्छ ।

उनको अनुहारभरि निराशाको बादल रुमल्लिन थाल्छ । मुटु चरक्क चर्किन्छ । मन भत्भती पोल्छ ।

"के भो बाज्या ?!" न्हुछेले सोध्छ ।

सानुकाजी केही नबोली बिछ्यौनामा डङ्गङ्ङ पल्टिन्छन् ।

केहीबेर उनी बोल्दैनन् । केहीबेरपछि मोबाइल उठाएर छोरालाई फोन गर्छन् ।

छोराले फोन उठाएपछि सानुकाजी चर्को स्वरमा भन्छन्, "भो, अब कहिल्यै आउनु पर्दैन । म मरेपछि दागबत्ती दिन पनि आउनु पर्दैन । न्हुछेले मलाई छोरासरह हेरविचार

❖ बाँकी तेस्रो पृष्ठमा

# साहित्य चौतारीद्वारा शुभकामना आदानप्रदान



बिर्तामोड(प्रस) । साहित्य चौतारी बिर्तामोडले नव वर्ष २०८२ सालको शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गरेको छ।

संस्थापक संरक्षक तथा अध्यक्ष देवीभक्त श्रेष्ठको अध्यक्षता तथा संस्थाका अभिनन्दित ब्यक्तित्व समालोचक जीवनाथ सुवेदीको प्रमुख आतिथ्य र संस्थापक संरक्षक तथा वरिष्ठ उपाध्यक्ष उर्मिला विमली श्रेष्ठको विशेष आतिथ्यमा सम्पन्न कार्यक्रममा उपाध्यक्ष तथा कार्यक्रम संयोजक हिम्मत नेम्बाङले स्वागत मन्तव्य राखेका थिए।

कार्यक्रममा झापा मेचीनगर ११ को लाल भागीरथा वानियां प्रतिष्ठानलाई संस्थागत सम्मान गरिएको थियो। सल्लाहकार संयोजक राजेन्द्र संग्रौलाले वाचन गरेको सम्मानपत्र संस्थाका अध्यक्ष हरिचरण वानियाँसहित पदाधिकारीहरूले ग्रहण गरेका थिए।

कार्यक्रममा साहित्यतर्फ भारत दार्जिलिङका कवि तथा गीतकार मदन ओझालाई अन्तर्राष्ट्रिय संयोजक डीएल प्रधानले वाचन गरेको सम्मानपत्र प्रदान गरिएको थियो ।

त्यस्तै ललितकलातर्फ धरान सुनसरीका तीर्थ निरौलालाई उपाध्यक्ष हिम्मत नेम्बाङले बाचन गरेको सम्मानपत्र प्रदान गरिएको थियो भने संगीततर्फ झापा बिर्तामोडका शास्त्रीय गायक सरोज वत्स र सञ्जीवनी पौड्याललाई पूर्व उपाध्यक्ष दीपक रायामाझीले बाचन गरेको सम्मानपत्र प्रदान गरिएको थियो ।

कार्यक्रममा संस्थापक संरक्षक तथा अध्यक्ष देवीभक्त श्रेष्ठले आफूलाई व्यापार व्यवसायमा अगाडी बढ्न प्रेरणा प्रदान गर्ने भिनाजु हर्कबहादुर प्रधान र ज्वाइँ लोकबहादुर पौडेलको स्मृतिमा कनकाई मावि सुरुङ्गामा स्थापित हर्क- लोक स्मृति अक्षयकोषमध्ये हर्क- लोक स्मृति प्रतिभा पुरस्कारका लागि दिदी मुना श्रेष्ठ प्रधान र बहिनी वेनुकुमारी श्रेष्ठ पौडेलसहित अध्यक्ष र प्रमुख अतिथिलगायतले प्रदान गरेको ५ लाख ५५ हजार ५ सय ५५ रूपैयाँ कनकाई मावि सुरुङ्गाका प्रधानाध्यापक कर्ण डाँगी र अध्यक्ष चन्द्र प्रसाईले ग्रहण गरेका थिए ।

त्यस्तै शनिश्चरे बहुमुखी क्याम्पसलाई साहित्य चौतारी प्रतिभा पुरस्कारका लागि ५१ हजार एक सय ५१ रुपैयाँ प्रदान गरिएको थियो ।

उक्त रकम क्याम्पस प्रमुख मोहनप्रसाद ओली, सहायक क्याम्पस प्रमुख कृष्ण थापा, अध्यक्ष हेमराज खरेलले ग्रहण गरेका थिए। त्यस्तै महारानीगञ्ज मावि बुट्टाबारीलाई साहित्य चौतारी प्रतिभा पुरस्कारका लागि २५ हजार एक रूपैयाँ प्रदान गरिएको थियो। उक्त रकम महारानीगञ्ज माविका प्रधानाध्यापक मनबहादुर लिम्बू र सदस्य मनरथ खतिवडाले ग्रहण गरेका थिए।

कार्यक्रममा सम्मानित तीर्थ निरौला, मदन ओझा, मानार्थ सल्लाहकार प्राज्ञ सुमित्रा बाङ्देल चेली, मानार्थ सल्लाहकार लोकनाथ पौड्याल, पूर्व सल्लाहकार प्राज्ञ सुभद्रा भट्टराई , प्राज्ञ हरिप्रसाद पौड्याल, अभिनन्दित व्यक्तित्व मुक्ति बराल उपाध्याय, कनकाई मावि सुरुङ्गाका प्रधानाध्यापक कर्णबहादुर डाँगीलगायतले शुभकामनासहित मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रममा संस्थापक सचिव खिलप्रसाद शिवाकोटीले कविता , कार्यसमिति सदस्य मीना अधिकारीले नयाँ वर्ष विशेष कविता, पूर्व सचिव दिलिप घिमिरेले गजल , सम्मानित ब्यक्तित्व सरोज वत्सले शास्त्रीय गीत, शिव अधिकारी इलामे जेठोले मुक्तक, डिवी इलामेले कविता , कार्यसमिति सदस्य कल्पना भट्टराईले नृत्य, गायक निरज पोखरेलले गीत,सप्तक संगीत विद्यालयकी उत्साह अधिकारी र प्रिया श्रेष्ठले गीत , जीना अधिकारी र मञ्जु धिमालले नृत्य, आर्ट स्टुडियो महिला नौमती बाजा समूहले गीत, सँगिनी नृत्य प्रस्तुत गरेका थिए । कार्यक्रमको सञ्चालन संस्थाका सचिव तुलसीप्रसाद निरौलाले गरेका थिए।

## शून्य...

गरिरहेको छ । अब म सारा सम्पत्ति उसैलाई लेखिदिन्छु ।" यति भनी उनले फोन काटिदिन्छन् । न्हुछेतिर हेर्दै उनी भन्छन्, "जा, पल्लो घरको वकिललाई बोलाएर ल्या... ।"

"किन बाज्या... ?" प्रश्नात्मक दृष्टि सानुकाजीतिर फ्याँक्दै न्हुछेले प्रश्न गर्छ ।

"जा न खुरुक्क...।"

"हस् बाज्या... ।" न्हुछे जान्छ ।

सानुकाजीको मन लथालिङ्ग हुन्छ । उनले एकपल्ट आकाशतिर शून्य मन र आँखाले हेर्छन् । छाती असह्य दुखेर आउँछ । आँखाबाट आँसु बग्छ- बलेसी बर्से झैँ गरी । एकछिनमा न्हुछे वकिलका साथ आइपुग्छ । सानुकाजीले वकिलतर्फ हेर्दै भन्छ, "वकिल बाबु, मेरो सम्पत्ति जति म मरेपछि न्हुछेलाई लेखिदिनुस् त... ।"

"के भन्नुभएको ?!" वकिल आश्चर्य पर्दै भन्छन् ।

"हो बाबु, मेरो सम्पत्ति सबै मलाई बुढेसकालमा स्याहारसुसार, हेरविचार गर्ने यो न्हुछेलाई लेखिदिन चाहन्छु । छिटै कागज तयार पार्नूस्- अहिल्यै, विलम्ब नगरी ।"

वकिलले उनको इच्छा अनुसार कागज तयार पारेपछि सानुकाजीले दस्तखत गर्दै भन्छन्, "ती कुलङ्गारहरूलाई केही पनि दिन्नँ ।" सानुकाजीको रिस थामिएको थिएन ।

"बुढा बाबुलाई त्यागेर बस्ने, हेरविचार नगर्ने त्यस्ता छोरालाई केको सम्पत्ति... ?!" सानुकाजीले गर्जेर भन्छन्, "हेर न्हुछे, म मरेपछि पनि तिमीले नै मलाई दागबत्ती दिनू । त्यति मात्र हैन... त्यस छोरा भनाउँदोलाई खबर पनि नगर्नू है ।" यति भन्दाभन्दै सानुकाजी भुइँमा ढल्छन् । "बाज्या के भो... के भो... ?" भन्दै न्हुछेले हत्तपत्त सानुकाजीको मुखमा पानी हालिदिन्छ । सानुकाजीले फुस्रो आँखा पल्टाउँछन् । सानुकाजीलाई एम्बुलेन्स बोलाई हत्तपत्त अस्पताल पुऱ्याउँछन् । अस्पताल पुगेपछि डाक्टरले जाँचेर उनी आधा घण्टा पहिल्यै परलोक भइसकेको दुःखद समाचार सुनाउँछन् ।

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।
सन्तोष ट्रेडिङ परिवार
भद्रपुर, झापा

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।
अध्यक्ष : भवानीप्रसाद दंगाल
हाम्रो नेपाल बचत तथा ऋण सहकारी संस्था लि. परिवार
बिर्तामोड, झापा

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।
केन्द्रीय सचिव : युवराज कार्की (पर्वत)
नेपाल लेखापढी कानून ब्यवसायी संघ परिवार
झापा

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।
अध्यक्ष : लिलाबहादुर बस्नेत सचिव : सन्देश मल्ल
श्री लक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लि. परिवार
बिर्तामोड, झापा

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।
समाजसेवी : पुरुषोत्तम अधिकारी तथा परिवार
भद्रपुर, १० झापा

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।
अध्यक्ष :पशुपति बराल ब्यवस्थापक : सुमित्रा रेग्मी
नयाँ मिलन बचत तथा ऋण सहकारी संस्था लि. परिवार
बिर्तामोड, झापा

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।
प्रिन्सिपल : डा.पृथ्वीबिक्रम राई
एमरेल्ड एकेडेमी स्कूल परिवार
भद्रपुर, झापा

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।
प्रोप्राइटर : मिनप्रकाश मैनाली
सुनमाई वाटर प्रा.लि. परिवार
बिर्तामोड, झापा

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।
सहारा नेपाल परिवार
बिर्तामोड झापा

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।
प्रिन्सिपल : मिनादेवी भट्टराई
बिदुर बोर्डिङ स्कूल परिवार
भद्रपुर, झापा

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।
अध्यक्ष : इन्द्र प्रसाई सचिव : जगन्नाथ भट्टराई
विराट पोखरी सरोवर बहुउद्देश्यीय विकास समिति परिवार
बिर्तामोड- ३(बिराटपोखर) झापा

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।
अध्यक्ष : लवकुमार चौधरी सचिव : मिरा खड्का
गौरबशाली बचत तथा ऋण सहकारी संस्था लि. परिवार
बिर्तामोड-५, झापा

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

मेष: स्वादिष्ट भोजनको अवसर प्राप्त हुने योग छ । प्रेम जीवन पनि सफल रहनेछ ।

वृष: आज समस्या दर्साउँदा सुखदुःखमा साथ दिनेहरू भेटिनेछन् ।

मिथुन: आज आफ्नो अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला ।

कर्कट: पराक्रम बढ्नुका साथै धन लाभका योग पनि देखिन्छन् ।

सिंह: अरुलाई प्रभावित पारेर काम बन्नेछ । लाभदायी छलफल हुनेछ ।

कन्या: रोकिएका अधुरा कामहरू पुरा हुन सक्छ । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

तुला: प्रेमसम्बन्ध र प्रणयप्रसङ्गका लागि श्रेष्ठ समय रहेको छ ।

वृश्चिक: आफन्त र मित्रवर्गको सहयोग पाइनेछ ।

धनु: वाणीमा कुशलता आउने दिन परेको छ । नयाँ काम र करियरको क्षेत्रमा मन जाने

मकर: साथीको सुझावले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ ।

कुम्भ: भाग्य बलमा कमी भएको आभास गर्नु हुनेछ । सामाजिक काममा व्यस्त हुने समय

मिन: बोलीवचन र भाषण आदिमा प्रशंसा मिल्नेछ ।